बैठक नं.- १५
मितिः- २०७६।०३।०६ गते ।
समयः- १:०० बजे ।
स्थानः- कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर ।

आज मिति २०७६।०३।०६ गते शुक्रबारका दिन कैलाश गाउँपालिकाका अध्यक्ष्य श्री टंक बहादुर मोक्तान ज्युको अध्यक्ष्यतामा कैलाश गाउँकार्यपालिकाको कार्यालयमा गाउँकार्यापालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहायअनुसारको प्रस्तावहरूमाथि छलफल गरि निम्नानुसारको निर्णय सर्वसम्मतिले पारित गरियो ।

## तपशील

**उपस्थितिः**

| | |
|---|---|
| श्री टंक बहादुर मोक्तान | :- अध्यक्ष्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री सुकुमाया थिङ्ग | :-उपाध्यक्ष्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री पेमा योन्जन | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री राजेन्द्र घिसिङ्ग | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री देव लाल बल | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री तिलक बहादुर मुक्तान | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री छेकु लामा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री ठुलो कान्छा लामा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री उदाश कुमार भ्लोन | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री सुर्ज कुमार थिङ्ग | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री सुमन लटौला | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री मणिक लाल मुक्तान | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री लक्ष्मी मुक्तान | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री आशिष प्रजा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री राममाया प्रजा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री फुलमाया सिन्तान | :- सदस्थ, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री गोबिन्द बि.क. | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री संगिता प्रजा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री लोकबहादुर कुसारी | :- सदस्य-सचिव, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री मोहन प्रसाद पौडेल | :- व्यवस्थापन सहयोगि, कैलाश गाउँकार्यापालिका,मकवानपुर । |
| श्री प्रकाश राइ | :- माइन्युट सहयोगि, कैलाश गाउँकार्यापालिका,मकवानपुर । |

प्रस्तावहरु

१. आ.व.२०७६।०७७ को नीति तथा कार्यक्रम सम्बन्धमा ।

२. आ.व.२०७६।०७७ को योजना बजेट तथा कार्यक्रम सम्बन्धमा ।

३. आ.व.२०७६।०७७ को आर्थिक ऐन २०७६ सम्बन्धमा ।

४. आ.व.२०७६।०७७ को विनियोजन ऐन २०७६ सम्बन्धमा ।

निर्णय नं. १

आ.व. २०७६।०७७ को नीति तथा कार्यक्रम दफावार सहित बृहत रुपमा छलफल गरि स्वीकृत तथा अनुमोदनको लागि २०७६ आषाढ १० गतेको गाउंसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

आ.व.२०७६।०७७ को लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्राप्त योजना, बजेट तथा कार्यक्रम स्वकिृत तथा अनुमोदनको लागि गाउंसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

रावश्व परामर्श समितिको निर्णय तथा विधायन समितिंबाट सिफारिस भै आएको आर्थिक ऐन २०७६ स्वीकृती तथा अनुमोदनका लागि गाउंसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.४

विधायन समितिबाट सिफारिस भै आएको विनियोजन ऐन २०७६ स्वीकृती तथा अनुमोदनको लागि गाउंसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

तपशिल

# आर्थिक बर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम

कैलाश गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

कालिकाटार, मकवानपुर

३ नं. प्रदेश, नेपाल

२०७६

www.kailashmun.gov.np

लोक बहादुर कुमारी

कैलाश गाउँसभाको मिति २०७६ असार १० गते मंगलबारको बैठकमा
कैलाश गाउँपालिकाका अध्यक्ष श्री टंक बहादुर मुक्तान ज्युले प्रस्तुत गर्नुभएको

# नीति तथा कार्यक्रम

कैलाश गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

कालिकाटार, मकवानपुर

३ नं. प्रदेश, नेपाल

२०७६

# कैलाश गाउँपालिकाको

## पाचौं गाउँ सभा प्रस्तुत

## आ.ब. २०७६/०७७ को

# नीति तथा कार्यक्रम

लोक बहादुर कुसारी
प्रमुख प्रशासकीय अधिकृत

यस कैलाश गाउँपालिकाको पाचौं सम्मानित गाउ सभामा उपस्थित उपाध्यक्षज्यु, प्रमुख प्रशासकीय अधिकृत, गाउँ सभाका माननीय सदस्यज्युहरु, सभामा सहयोग पुर्‍याई रहनु भएका सम्पूर्ण कर्मचारी मित्रहरु, तथा सभामा उपस्थित महानुभावमा सर्वप्रथम म कैलाश गाउँपालिका तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिबादन व्यक्त गर्न चाहन्छु। बिगत लामो समय देखि नेपालको बिभिन्न आन्दोलनहरुमा बीरगति प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरुप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

**सभाका माननीय सदस्यज्यूहरु !**

नेपालको संविधान २०७२ जारी पश्चात व्यवस्था बमोजिम तिन तहको सरकार गठन भई हाम्रो देश संघीयता कार्यान्वयनको बाटोबाट अघि बढिसकेको छ । लामो समय देखि आम नेपाली जनताले प्रतिक्षारत संमृद्धिको बाटो खुल्न थालेको छ । दश वर्षे सशस्त्र संघर्ष, २०६२/६३ को जनआन्दोलन, मधेश आन्दोलन, दुईपटकसम्म भएको संबिधान सभाको निर्वाचन पश्चात सार्वभौम नेपाली जनताले आफ्नै जनप्रतिनीधिले निर्माण गरी जारी गरेको संबिधान र संबिधानले प्रदत्त हक अधिकारहरु प्रयोग गर्दै "सुखी नेपाली र संमृद्ध नेपाल" निर्माणको अभियानमा हामी सबै लामबद्ध भईरहेको छौ । संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारतः रुपान्तरण गर्ने क्रममा तिन तहको सरकार गठन भई आज हामी कैलाश गाउँपालिकाको पाचौं गाउँ सभामा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्षित छौं । संघीयता कार्यान्वयनको सन्दर्भ गाउँ-गाउँमा स्थानीय सरकारमार्फत नागरीकका चाहना बमोजिम कार्य गर्ने, आफ्नो गाउँ आफै बनाउँ र नेपाल सरकारको सुखी नेपाली समृद्ध नेपालजस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा रहने संवैधानिक व्यवस्थाले तल्लो तहलाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ ।

**सभाका माननीय सदस्यज्यूहरु !**

अब म यस कैलाश गाउँपालिकाको आ.ब. २०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु । बिगत लामो समय रिक्त स्थानीय तहको निर्वाचन पश्चात् जनप्रतिनीधिबिहीनता अन्त्य भएको छ। यस सन्दर्भमा गाउँपालिकाले बिकट भौगोलिक क्षेत्रका नागरिकले प्रत्यक्ष अनुभुत गर्ने योजना तर्जुमा गर्नुको साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, माग र औचित्यमा आधारित बिकास, राष्ट्रले

बोकेको सहस्राब्दी लक्ष्य, दीगो बिकासका सुचकहरुमा आधारित गतिबिधिहरु संचालन गरी यस क्षेत्रका जनताको शिक्षा, स्वास्थ्यको बिकास, साथै स्वरोजगार तथा आय-आर्जनमा बृद्धि हुने किसिमका कार्यक्रम संचालन गरि गरीवी न्युनिकरण गर्ने प्रमुख नीति लिइएको छ ।

**गाउँ सभाका सदस्यज्युहरु,**
आगामी आर्थिक बर्षमा कैलाश गाउँपालिकाले नेपालको संबिधान २०७२, प्रचलित कानून तथा नीति नियम र कार्यबिधिहरु अनुसरण गर्दै सो सम्बन्धि नीति तथा कार्यक्रमको लागि निम्न प्रस्ताव पेश गरेको छु ।

## १. आर्थिक बिकास

### १.१ कृषि

१.१.१ कैलाश गाउँपालिकाको बिकासको मूख्य आधार नै कृषिको बिकास भएकोले माटो सुहाउँदो खेती प्रणाली अवलम्बन गर्न गाउँपालिकाको भूगोल, माटोको गुण, क्षमता र अवस्थाअनुसार बाली सिफारिस गर्न बिज्ञहरु सम्मिलित एक सम्भाव्यता अध्ययन समिति गठन गरि सो समितिको सिफारिसमा पकेट क्षेत्र निर्धारण गरि बाली सिफारिस गरिने छ ।

१.१.२ कृषि उत्पादन बृद्धि गर्न सम्भाव्यता अनुसार नयाँ सिँचाई तथा कुलो निर्माण तथा मर्मत गरिने छ ।

१.१.३ युवाहरुलाई कृषिमा आकर्षण बढाउन ब्यवसायिक, हाईजेनिक टनेल खेती, बेमौसमी तरकारी खेती तथा नगदेबालीको लागि आवश्यक बजेटको ब्यवस्था गरिने छ । साथै युवा स्वरोजगार कार्यक्रमका लागि बजेट ब्यवस्था गरिने ।

१.१.४ एक वडा एक नमुना व्यवसायिक तरकारी, पशुपालन तथा फलफुल खेतीको अवधारणलाई सफल पार्न कैलाश-१, मा पशुपालन, तरकारी खेती, कैलाश-२ मा दाँतेओखर, जुनार, अलैची, स्याउ र लप्सी, कैलाश-३ मा अदुवा खेती र बाख्रापालन कैलाश-४ मा सुन्तला, अदुवा, कागती र बाख्रापालन कैलाश-५ मा तरकारी, बाख्रापालन, किबी, अलैची अम्रिसो, कैलाश-६ तरकारी, किबी, दाँतेओखर, बाख्रापालन कैलाश-७ अदुवा खेती, बाख्रापालन, मौरीपालन, तरकारी खेती कैलाश-८ बाख्रापालन, अदुवाखेती, चिउरीखेती, जुनार र तरकारी कैलाश-९ तरकारी खेती, बाख्रापालन, अदुवाखेती र गाई, भैसीपालन, अमृसो खेती कैलाश-१० तरकारी खेती, बाख्रापालन, अदुवाखेती र गाई, भैसीपालन, अम्रिसो, जुनार खेतीको लागी बिशेष प्राथमिकताका साथ बजेटको ब्यवस्था गरिने छ ।

१.१.५ बहुउद्देश्यीय आधुनिक नर्सरीलाई ब्यवस्थित गरिदै लैजानेछ र टनेल खेतीलाई ब्यवस्थित र बिस्तार गर्दै लगिनेछ ।

१.१.६ उत्पादित कृषि तथा पशुजन्य वस्तुको बिक्रीको लागि उचित मुल्यको बजारको खोजी गर्न आवश्यक पहल गरिने छ ।

१.१.७ जनताका खाद्यसुरक्षाको अधिकारलाई सार्थकता दिन बिभिन्न [illegible] बिउबिजन अनुदानमा उपलब्ध गराईने छ र कृषिलाई क्रमशः आधुनिकीकरण गर्दै लगिने छ।

१.१.८ कृषि तथा फलफुलको उचित मुल्य प्राप्त गर्न कृषकको हितको लागी शीतभण्डार निर्माण गर्न बजेटको ब्यवस्था गरिने छ, साथै अदुवा ब्लक क्षेत्रमा आवश्यक अनुसार अदुवा भण्डारण निर्माण गर्न बजेटको ब्यवस्था गरिने छ ।

१.१.९ न्युन आय भएका ब्यक्तिहरुको जिवनस्तर सुधार गर्न सामुहिक हाईजेनिक टनेल खेती, लोकल कुखुरा पालन, पशुपालन तथा कृषि उत्पादनलाई जोड दिई समग्र जनताको जिवनस्तरमा सुधार ल्याउन जोड दिईने छ ।

## १.२. उद्योग तथा वणिज्य

१.२.१ यस गाउँपालिका क्षेत्रभित्र साना, मझौला तथा ठुला उद्योग स्थापनाका लागी आवश्यक वातावरण श्रृजना गरिने छ ।

१.२.२ नागरिकको सामुहिक लगानीमा मात्र प्राकृतिक श्रोतमा आधारित उद्योगहरु (नदिजन्य बनजन्य काठसमेत) स्थापना गर्नको लागी आवश्यक पहल गरिने छ ।

१.२.३ यस गाउँपालिकाभित्र संचालनमा रहेका बिभिन्न ब्यापार तथा ब्यवसाय दर्ताको लागी प्रत्येक वडामा घुम्ति शिविर संचालन गरिने छ ।

१.२.४ सरोकारवालाहरुको हितका लागी गाउँपालिका स्तरिय उद्योग वाणिज्य सँघ गठन गर्न आवश्यक पहल गरिनेछ ।

## १.३. पर्यटन

१.३.१ कैलाश, बैकुण्ठ पर्यटन बिकासका, कालिका मन्दिर धर्मिक पर्यटन बिकासको लागी डिपिआर निर्माण भईसकेको र देखारी पर्यटन बिकास, रानीपोखरी पिकनिक पार्कको डिपिआर निर्माण अन्तिम चरण रहेकोछ, बोल्नेडाडा, दुम्सीखर्क, गुप्तेश्वर गुफा, घैराङ, चापचौरको धार्मिक तथा पर्यटन बिकासको लागी स्थानीय प्रत्यक्ष जनसहभागीतामा योजना अगाडी बढाईने छ र डिपिआर निर्माण भईसकेको लाई आवश्यक बजेट ब्यवस्था गरि कार्य अघि बढाईनेछ ।

१.३.२ स्थानीय जनताको प्रत्यक्ष सहभागितामा संञ्चालन हुने होमस्टे स्थापनाको लागी प्रोत्साहन गरिने छ ।

## १.४ सहकारी

१.४.१ सामाजिक तथा आर्थिक बिकासका लागी सहकारी स्थापना, संचालन तथा प्रभावकारी सेवाको लागी शेयरधनि, संचालक, ब्यवस्थापक र कर्मचारीहरु लाई क्षमता बिकास सम्बन्धि तालिमहरु प्रदान गरिने छ ।

## १.५ वित्तिय क्षेत्र

१.५.१ स-साना सहकारीहरुलाई एकिकृत गराई पूँजिबृद्धि मार्फत ग्रामिण क्षेत्रमा प्रभावकारी सेवाका लागि पहल गरिने छ ।

१.५.२ गाउँपालिकाभित्र बिभिन्न (क) वा (ख) बर्गका बित्तिय संस्थाहरु स्थापनाका लागि आवश्यक पहल गरिने छ ।

## २. सामाजिक बिकास:

### २.१ शिक्षा:

२.१.१ कैलाश -९ कालिका उच्च मा.बि. मा आगामी आ.ब. २०७६।०७७ भित्रमा प्राविधिक शिक्षालय संचालन संगै नमुना बिद्यालय बनाउनका लागी आवश्यक पहल गरिने छ ।

२.१.२ गाउँपालिका भित्रका बिद्यालयहरुमा बिद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दीको ब्यवस्था तथा मिलानको लागी कार्य गरिने छ ।

२.१.३ यस गाउँपालिकामा संचालनमा आएको एक मात्र आवसीय बिद्यालय कालिका मा.बि. नामटार लाई आवश्यक बजेटको ब्यवस्था गरि थप ब्यवस्थित गरिने छ ।

२.१.४ बिपन्न तथा एकल महिला वालवालिकालाई प्राथमिकता दिने गरि पढ्न जाने उमेरका बिद्यालय बाहिर रहेका सम्पूर्ण वालवालिकाहरुलाई बिद्यालयमा ल्याउनका लागी बिद्यालयको सहयोगमा आवश्यक कार्यक्रम संचालन गरिने छ।

२.१.५ यस गाउँपालिकाभित्र रहेका सम्पूर्ण बिद्यालयहरुमा अंग्रेजी माध्यमबाट पठनपाठन सुरु गर्न आवश्यकता अनुसार शिक्षकहरुको क्षमता बिकासका लागि शिक्षण सिकाईसम्बन्धि तालिम संचालन गरिने छ ।

२.१.६ सम्पूर्ण बिद्यालयमा वालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री पूर्वाधार निर्माणलाई अघि बढाईने छ ।

२.१.७ शैक्षिक गुणस्तर बृद्धि गर्न र ब्यवस्थापकीय पक्षलाई चुस्तदुरूस्त बनाउन गाउँपालिका स्तरिय अवश्यक पुर्वाधारको बिकास गरिने छ, साथै बि.व्य.स. का पदाधिकारीहरुलाई क्षमता र नेतृत्व बिकास तालिम प्रदान गरिने छ ।

२.१.८ पढ्न जाने उमेरका आफ्ना बालबालिका लाई बिद्यालय नपठाउने अभिभावकहरुको पहिचाहन गरि सरकारी सेवा सुबिधा, रोक्का, र जरिवानाको ब्यवस्था गर्ने ।

२.१.९ शैक्षिक गुणस्तर, विधार्थीहरूको नियमित क्षमता परीक्षण एवम् शैक्षिक उपलव्धिको आधारमा बिद्यालयहरुलाई पुरस्कृत गरिनेछ ।

२.१.१०. आगामी आर्थिक बर्षबाट लागु हुने गरि दलित तथा अति बिपन्न छात्रछात्राहरुको लागी उच्चा शिक्षा अध्ययन कोष स्थापना गरिनेछ ।

### २.२ स्वास्थ्य:

२.२.१ जनताको स्वास्थ्यसम्बन्धि मौलिक हकलाई प्रत्यभूत गर्न तथा स्वास्थ्यका पहुँचमा अभिवृद्धी गरिनेछ । साथै महिला तथा वालवालिका र ज्येष्ठ नागरिकहरुको लागि आवश्यकता अनुसार प्रत्येक वडामा स्वास्थ्य शिविर संचालन गरिनेछ ।साथै परिवार नियोजन कार्यक्रम संचालन गरिनेछ ।

२.२.२ सम्पूर्ण जनतालाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न सबै वडाहरुमा आवश्यकता अनुसार स्वास्थ्यचौकी र सामुदायिक स्वास्थ्य क्लिनिक स्थापना गरि प्रभावकारी रुपमा स्वास्थ्य सेवा उपलब्ध गराइने ।

२.२.३ स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन प्रत्येक घरपरिवारको अनिवार्य स्वास्थ्य बिमा सम्पन्न गर्न जनचेतनामुलक तालिम संचालन तथा न्युन आय भएका १०० घरपरिवारलाई निःशुल्क स्वास्थ्य बिमा गरिनेछ ।

२.२.४ कुपोषित बालबालिका तथा बिपन्न गर्भवती तथा सुत्केरी महिलाहरुको तत्कालको स्वास्थ्य समस्या समधानका लागि आवश्यकताअनुसार कार्यक्रम संचालन गर्न बजेटको ब्यवस्था गरिनेछ ।

२.२.५ बिद्यालयमा अध्ययनरत छात्राहरुका लागि स्थानीय स्तरमै निर्माण गरिएको स्यानेटरी प्याड निःशुल्क वितरण गर्न स्यानेटरी बनाउने तालिम र बजेटको ब्यवस्था गरिनेछ ।

२.२.६ स्वास्थ्य नै धन हो भन्ने मन्यतालाई आत्मसात गर्दै शिशु मृत्यु दर, बाल मृत्यु दर र मातृ मृत्यु दरलाई घटाउन स्वास्थ्य संस्थामा सुरक्षित सुत्केरी हुने दरलाई बृद्धि गर्न आवश्यक प्रबन्ध मिलाईने छ । खोपयुक्त गाउँपालिकालाई दिगो बनाई राख्न र कुपोषणको पहिचाहन गरि शिघ्र कुपोषण न्यूनिकरण कार्यक्रम संचालन गरिनेछ ।

२.२.७ महिलाहरुको लागि स्तन, पाठेघरसम्बन्धि क्यान्सर र आङ खस्नेसम्बन्धि रोगको शिविर सञ्चालन गरिनेछ ।

२.२.८ आ.व. २०७६।०७७ मा ब्यवस्थापन समिति बनाई माथिल्लो क्षेत्रमा १ वटा एम्बुलेन्स सेवा संचालन गरिने छ ।

## २.३ खानेपानी तथा सरसफाई

२.३.१ "स्वच्छ र सुन्दर गाउँघर, कैलाशका जनताको नैसर्गिक अधिकार" लाई मूर्तरुप दिन गाउपालिकाभरिका स्वच्छ खानेपानी अभाव भएका टोलवस्तिहरुमा खानेपानीका आवश्यक प्रबन्ध मिलाईने छ ।सो को लागी प्रदेश सरकार संग समन्वय गरि बृहत खानेपानी योजनाहरु संचालन गरिनेछ ।

२.३.२ पूर्ण सरसफाईयुक्त गाउँपालिका निर्माणका लागी एकघर एक शौचालयसम्बन्धि नीतिलाई कडाईका साथ लागु गरिनेछ, आवश्यक अनुसार सार्वजनिक शौचालयको निर्माण गरिने छ ।

२.३.३ खुल्ला दिसालाई पूर्णरुपमा निषेध गरिनेछ ।

२.३.४ "मुहानदेखी मुखसम्म सुरक्षित पानी स्वस्थ जिन्दगानी" भन्ने अभियान जनजनमा पुऱ्याई हरेक क्षेत्रका सरसफाईलाई महत्वका कार्यक्रम बनाई अघि बढाईनेछ ।

२.३.५ गाउपालिकामा शौचालय निर्माण गरेका घरपरिवार सबैलाई सरसफाई परिचय-पत्र वितरण गरिने छ, शौचालय नबनाएकालाई २०७७ असाढ मसान्तभित्रमा बनाउनका लागि अनुरोध गर्ने सो अवधिमा पनि नबनाएमा सम्पूर्ण सेवा सुबिधा, स्थागित, रोक्का, र जरिवाना गरिने छ ।

## २.४ संस्कृति प्रवर्द्धन

२.४.१ कैलाश-२ बैकुण्ठमा घाटुनाच, जनजातिको ईतिहास र संस्कृति प्रवर्द्धनका लागी तामाङ संग्रहलय स्थापना गर्ने, नामटारको स्यार्सेकालिका मेला, कालिकाटारको कालिकामेला, गोगनेको चौकिटार मेलालगायत अन्य स्थान र जाति बिशेषका धार्मिक तथा साँस्कृतिक मेला पर्वको बिकास र संरक्षणको लागि आवश्यक बजेटको ब्यवस्था गरिनेछ ।

२.४.२ गाउँपालिकाभित्रका मठमन्दिर, गुम्बा, चर्च र मस्जिदआदिको संरक्षणको लागि आवश्यक कार्य गरिने छ ।

## २.५ लैंगिक समानता, सामाजिक न्याय तथा समावेशीकरण

२.५.१ एकल तथा विपन्न महिलाहरुलाई आयआर्जन तथा सिपमूलक कार्यक्रम संचालन गर्न वजेटको ब्यवस्था गरिनेछ ।

२.५.२ महिला शसक्तिकरण कार्यक्रम, घरेलु हिंसालगायत सबै प्रकारका हिंसा र बिभेदहरुको अन्त्यका लागि कार्यक्रमहरु संचालन गर्न वजेटको ब्यवस्था गरिनेछ ।

२.५.३ दलित, जनजाति, सिमान्तकृत र अपाङ्गहरुको लागि जिविकोपार्जन कार्यक्रम संचालन गरि आत्मनिर्भर बनाउन र जेहेन्दार तथा बिपन्न छात्रछात्राहरुलाई उच्च शिक्षा एवं प्राविधिक शिक्षा अध्ययन तथा लोकसेवा, शिक्षक सेवा र अन्य स्थायी सरकारी सेवा प्रवेशका तयारी कक्षा संचालन गर्न कार्यक्रमका साथ बजेट बिनियोजन गरिने छ ।

२.५.४ वालमैत्री स्थानीय शासन पूर्णरुपमा लागु गर्न बिशेष जोड दिईनेछ, आगामी ३ बर्ष भित्रमा बालमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक नीति निर्माण गरि बिभिन्न संचालन गरिने छ ।

२.५.५ ज्येष्ठनागरिकहरुलाई सम्मानका साथै नियमित स्वास्थ्य जाँच गर्न ब्यवस्था मिलाईनेछ ।

# ३. पूर्वाधार बिकास

## ३.१ सडक तथा पुल (झो.पू)

३.१.१ चुनिया, नामटार, कालिकाटार, भार्ता, सानोडाडाखर्क, छ्याङदुङ-खोलाखर्क-डाडाखर्क हुदै पकनी गोगने मोटरबाटो (कैलाश मार्ग) बाऱ्है महिना नियमित संचालन गर्न प्राथमिकताका साथ बजेट बिनियोजन गरिनेछ । साथै खोलाखर्क-बैकुण्ठ सडक, भार्ता-रुपराङ-पाखेबेशी-गोकुप-सडक, गोगनेमोड-चौकिटार-कटहरे-बिमिरे सडक, केउरेनी कप्सेरी सडक, मानेडाडा भुत्य दोलाधनी सडक, दुम्सीखर्क सानुलेक मझुवा दोभान सडक, सोलाभञ्ज्याङ कालीखोला सडक, डाडेबास गोलढुंगा सडक लगायत अन्य शाखा सडकहरुको मर्मत तथा स्तरउन्नतिका लागी आवश्यक बजेट बिनियोजन गरिने छ ।

३.१.२ गाउपालिका केन्द्रबाट ४ नं. वडा कार्यालय जोड्ने सडक निर्माणका लागि बिशेष बजेट बिनियोजन गरिने छ ।

३.१.३ दुबुखोला, कालीखोला पक्कीपुल निर्माण तथा अन्य झो.पू निर्माण तथा मर्मतको लागी बिशेष पहल गरिने छ ।

३.१.३ सानोडाडाखर्क कैलाश बैकुण्ठ गजुरी मोटरबाटो, पकनी-कप्सेरी- भार्ता- सरिखेत- मनहरी मोटरबाटो, गोगने-कालिकाटार सडक, नामटार-घैराङ निर्माणमा निरन्तरता दिईनेछ। साथै आवश्यकता अनुसार अन्य सडक बिस्तार गरिदै लगिनेछ ।

**३.२ सिंचाई**

३.२.१ चालु सिंचाई योजनाहरुलाई आवश्यक मर्मत सम्भार र नयाँ सिंचाई योजना निर्माण तथा लिफ्न सिचाई निर्माणका लागी बिशेष प्राथमिकता साथ बजेट बिनियोजन गरिने छ ।

**३.३ भवन तथा सहरी बिकास**

३.३.१ बस्ति बिकास तथा भवन निर्माण आचार संहिता पूर्ण पालना गरिनेछ ।

३.३.२ ब्यवस्थित वस्ति बिकासका लागी आवश्यक पहल गरिने छ ।

३.४ उर्जा तथा साना जलबिद्युत, बैकल्पिक उर्जाको लागी आवश्यक अनुसार बजेट ब्यवस्था गरिने छ

३.४.१ आ.ब. २०७६।०७७ भित्र गाउँपालिकाका सबै वडाहरुमा विद्युतिकरण कार्य सम्पन्न गरिने छ ।

३.४.२ बैकल्पिक उर्जा प्रबिधि लाई प्राथमिकता दिई बजेट बिनियोजन गरिने छ ।

३.४.३ कैलाश ३ नागछेडा जलबिद्युय आयोजना निर्माण गर्न बिशेष पहल गरिने छ ।

**३.५ संचार**

३.५.१ गाउँपालिका केन्द्र लगायत सबै वडा कार्यालयहरुमा संचार पहुँच पुऱ्याउन नेट ईन्टरनेट सुविधा ब्यवस्था गरिने छ ।

**४ वातावरण तथा बिपद् व्यवस्थापन**

४.१.१ वातावरण तथा बिपद् ब्यवस्थापन समिति गठन तथा बिपद् ब्यवस्थापन कार्ययोजना निर्माण गरि बिपद् ब्यवस्थापन कोष स्थापनामार्फत कार्य अघि बढाईने छ ।

४.१.२ आपतकालिन उद्दार कार्यलाई प्रभावकारी बनाउन स्थानीय युवा तथा सुरक्षा निकाय र रेडक्रस लगायत सरोकारवालाहरुको सहभागितामा गाउँपालिका स्तर तथा वडास्तरमा आपतकालिन उद्दार तथा सहयोग समिति गठन गरिने छ ।

**४.१ वन तथा भूसंरक्षण**

४.१.१ गाउपालिका भित्रका सबै सामुदायिक बन समुहहरुको उचित ब्यवस्थापन तथा नियमन गरिदै लानेछ । हरियो बन नेपालको धन भन्ने उक्तिलाई सार्थकता प्रदान गर्न बनको उचित ब्यवस्थापन तथा उपयोगमा बिशेष ध्यान दिईने छ ।

४.१.२ नदि उकास जमिन भीरपाखा पखेरा तथा खाली पर्ति जंगगा र कैलाश मार्गको आवश्यक दुबै किनारामा अनिबार्य रुपले भेगिय अनुसार बिभिन्न जातका बिरुवाहरु रोप्ने कार्य गरिने छ ।

**४.२ जलाधार संरक्षण**

४.२.१ नदि, खोला, कुवा, तथा सिमसार क्षेत्रको उचित संरक्षणमा विशेष जोड दिईने छ ।

४.२.२ उपयुक्त स्थानको पहिचाहन गरि कृतिम पोखरी तथा तालहरुको निर्माण गरिने छ ।

**४.३ वातावरण**

४.३.१ गाउपालिका स्तरमा निर्माण गरिने सबै योजनाहरु वातावरण मैत्री वातारवरण संरक्षणमा जोड दिईने छ ।

४.३.२ वातावरण बिद्हरुको अध्ययन अनुसन्धान रिपोर्ट अनि सिफारिसमा प्रकृतिक श्रोतहरुको उत्खनन् तथा उपयोग गर्ने नीति अवलम्बन गरिने छ ।

४.३.३ वातावरण संरक्षण सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।

**४.४ जलवायु परिवर्तन**

४.४.१ जलबायु अनुकुलित बिकास कार्यक्रम संचालन गरि हरित अर्थतन्त्रको प्रर्द्धन गर्न पहल गरिनेछ, साथै जलबायु परिवर्तन संग सम्बन्धित सरोकारवालासंग समन्वय सहकार्य गरि अघि बड्ने नीति अख्तियार गरिने छ ।

४.४.२ वातावरणीय प्रतिकूल असर पर्ने सबै गतिविधि निषेध गरिदै लगिने छ ।

**४.५ फोहरमैला व्यवस्थापन**

४.५.१ सरसफाई सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ र जथाभवी फोहोर गर्ने आमनागरिकहरुलाई दण्ड जरिवाना गरिने नीति लिईनेछ ।

४.५.२ सरकारी, गैरसरकारी, कार्यालय बाक्लो टोलवस्ति बजार क्षेत्रहरुबाट निस्केका फोहोर संकलन गरि उपयुक्त ब्यवस्थापनको प्रबन्ध मिलाईने छ ।

**४.६ जलउत्पन्न प्रकोप नियन्त्रण**

४.६.१ बिभिन्न जोखिममा रहेका वस्ति, सडक, भवन, बाटो, खेतीयोग्य जमिनको बचाउ र संरक्षणका लागी बिशेष बजेटको प्रबन्ध मिलाईने छ ।

४.७ विपद् व्यवस्थापन, वारुण यन्त्र संचालन

४.७.१ आपतकालिन बिपद् ब्यवस्थापन योजना अनुसार बाढी, पहिरो, नदि आगलागी, चट्टयाङ, बिद्युतिय कारण लगायत अन्य दैविक कारणबाट उत्पन्न हुने बिपद्हरुलाई समय मै ब्यवस्थापन गर्नका लागी बिशेष बजेट बिनियोजन गरिने छ ।

५. संस्थागत बिकास तथा सेवा प्रवाह

**५.१ सार्जनिक सेवा**

५.१.१ गाउपालिकाका सम्पूर्ण कर्मचारीहरु, जनप्रतिनीधि, निर्माण समितिका पदाधिकारी, संघ-संस्था, गाउपालिका अन्तरगतका बिभिन्न समुहका पदाधिकारीहरु लाई नेतृत्व, क्षमता, कानुन, तथा काम, कर्तब्य र अधिकार सम्बन्धि, तालिम, गोष्ठी अभिमूखिकरण कार्यक्रम संचालन भ्रमण गरिने छ ।

५.१.२ गाउपालिका र गाउपालिका अन्तरगतका कार्यालयद्वारा सम्पादन गरिने सेवाहरुमा छिटो छरितो सरल र सहजता ल्याउनको लागि गाउँपालिकाको क्षमता अनुसार जनप्रतिनीधि र कर्मचारीहरुमा उत्साह बृद्धि गर्न थप सेवा सुविधासहितको कार्य सम्पादनमा आधारित प्रोत्साहन सम्बन्धि कार्यक्रम कार्यन्वयनमा ल्याईनेछ ।

५.१.३ जिम्मेवारी बहन नगर्ने जनप्रतिनीधि, कार्मचारी, अन्य सरकारी, गैर सरकारी संघ-संस्था, निर्माण कम्पनी, निर्माण समिति र अन्य समुहहरुले पाउने सेवा सुबिधा क्रमशः स्थगित, रोक्का, खारेज, र नियमानुसार कार्वाहीको दायरामा ल्याईनेछ ।

५.१.४ गाउपालिकाको स्वीकृत रिक्त दरबन्दीमा र आवश्यकता अनुसार कर्मचारी, प्रविधिक र कार्यालय सहयोगी पदहरुमा नियमानुसार करारमा पदपूर्ति गरिदै लगिने छ ।

५.१.५ गाउपालिकालाई संबिधान द्वारा प्रदत्त सम्पूर्ण अधिकारहरुको प्रयोग आवश्यक कानुन बनाई यसै चालु आ.ब.बाट पूर्णरुपले लागी पर्नेछ ।

५.१.६ कार्यालयको अभिलेख तथा व्यवस्थापनलाई चुस्तदुरुस्त वनाई प्रविधीमैत्री एवम् सवै वडा कार्यालयलाई विधुतीय सुशासनमा जडान गरिनेछ ।

## ५.२ सुरक्षा व्यवस्थापन

५.२.१ गाउपालिकाभित्र शान्ति सुरक्षा, अमनचयन कायम राख्न नेपाल सरकारका सुरक्षा निकायहरु नेपाल प्रहरी, शसस्त्र प्रहरी, नेपाली सेना, बिशेष अनुसन्धान बिभागलगायतका निकायहरु संग निरन्तर सहकार्य समन्वय गरि २४ घण्टा जनतालाई शान्ति सुरक्षाको अनुभूति दिलाउन गाउपालिका प्रयासरत रहने छ ।

५.२.२ लागु पदार्थ र मादक पदार्थ सेवन गरि समाजमा शान्ति सुब्यवस्था, सामाजिक सद्भावमा, खलल पुर्याउने जो कोहीलाई कानुनी दायरामा ल्याईने छ ।

## ५.३ सुचना प्रबिधि

५.२.१ आगामी १ बर्षभित्र कैलाश गाउँपालिकाका सरकारी कार्यालयहरुमा कम्प्युटर तथा ईन्टरनेटको माध्यमबाट सेवा प्रवाह गरिनेछ ।

५.२.२ गाउपालिकाका मुख्य मुख्य स्थान, बजार, केन्द्रहरुमा २ बर्षभित्र निःशुल्क ईन्टरनेट सेवा उपलब्ध गराईनेछ ।

## ५.४ स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन

५.४.१ गाउँपालिकाको पार्श्वचित्र निरन्तर अद्यवधिक गरि सार्वजनिक गरिने छ ।

५.४.२ गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण सार्वजनिक जग्गा, मठमन्दिर, गुम्बा, मस्जिद, चर्च, भवन, कार्यालय, खेलमैदान, पर्यटकीय क्षेत्र, संघ-संस्था, जातजाति, धर्म, लिङ्ग, खोला नाला, ताल तलैया, जैबिक बिविधता, प्राकृतिक श्रोत आदीको तथ्याङ्क संकलन गरि अभिलेख ब्यवस्थापन गर्न आवश्यक बजेट बिनियोजन गरिने छा ।

## ५.५ सुशासन प्रवर्द्धन

५.५.१ गाउपालिका अन्तरगतका सबै सरकारी कार्यालयहरुमा सवै खालै सेवाग्राहीहरुको जानकारीका लागी नागरिक वडा पत्र राखिने छ ।

५.५.२ जनताको गुनासोको सम्वोधन गर्न सबै सरकारी कार्यालयहरुमा उजुरी तथा सुझाव पेटिका राखिने छ ।

५.५.३ योजना अनुगमन तथा कार्यान्वयन प्रकृयामा प्रत्यक्षरुपले जनप्रतिनीधि र कर्मचारीहरुलाई जवाफदेही र जिम्मेवार बनाईने छ ।

५.५.४ गाउपालिकाले गरेका गतिविधिहरु झल्किने जानकारी मुलक चौमासिक बुलेटिन प्रकाशन गरिने छ ।

५.५.५ चौमासिक रुपमा गाउँपालिकाको यथार्थ आय-ब्यय र प्रगति विवरणसहितको सार्वजनिक सुनुवाई तथा सार्वजनिक परिक्षण कार्यक्रम आमउपभोक्ता, सरोकारवाला संघ-संस्था, र आम संञ्चार माध्यमको रोहवरमा गरिने छ ।

## ५.७ अनुसन्धान तथा बिकास

५.७.१ यस गाउँपालिकाको बिकास र समृद्धिका लागि गाउँपालिकाभित्रका हरेक क्षेत्रको अध्ययन अनुसन्धान गर्न शिक्षित, बौद्धिक वर्ग, र बिषय बिज्ञ अनुभवी ब्यक्तित्वहरु सम्मिलित समिति बनाई आवश्यक सल्लाह सुझाव लिई सो समितिको निर्णय, अध्ययन अनुसन्धान पश्चात गरिएको सिफारिसमा बिभिन्न क्षेत्रको बिकास योजनाको गुरुयोजना बनाई कार्यारम्भ गरिने छ ।

## ६. अन्य

६.१ प्रदेश सरकार तथा संघीय सरकार संगको साझेदारी, सहकार्य, सह-लगानीमा संचालन हुने सडक, खानेपानी, सिचाई, भवन, जलबिद्युत आयोजना, पर्यटन बिकास, कृषि, पशुपंक्षि बिकासजस्ता योजनाहरुको समपुरक कोष स्थापना गरि कार्यन्वयनका लागी पहल गर्ने ।

६.२ लागु औषध, मादक पदार्थको उत्पादन र बिक्री बितरणलाई पूर्णरुपमा बन्देज गर्न प्रशासनसंग सहकार्य गरि कार्यक्रम संचालन गर्ने ।

६.३ मादक पदार्थ, चुरोट, खैनी तथा सुर्तिजन्यबस्तुको ब्यवसाय दर्ता, नविकरण गरिने छैन ।

६.४ युवाहरुलाई खेलकुदप्रति आकर्षण बढाउन खेलकुद मैदान निर्माण प्रशिक्षण बिभिन्न प्रतोयोगिता आयोजना, गा.पा. बाहिरका खेलकूदहरुमा सहभागी जनाउन र खेल सामाग्रीहरु बितरण गर्न आवश्यक बजेट बिनियोजन गरिने छ ।

६.५ सम्पूर्ण वडाहरु चौमासिक रुपमा कार्यालय संचालन खर्च पठाईने ब्यवस्था मिलाउने छ

६.६ वडाहरुको कार्यसम्पादन मुल्याङ्कनको आधारमा बिकास निर्माणसम्बन्धि योजनाहरु थपघट गरि अनुदान रकम निश्चित गरिनेछ ।

६.७ कैलाश मार्गको बिचबाट दायाँबायाँ १०-१० मिटर गरि २० मिटर भित्रमा र अन्य शाखा सडकको दाया बाया ५-५ मिटर गरि १० मिटर भित्र कुनै पनि पूर्वाधार निर्माण गर्न रोक लगाईने छ ।

६.८ युवा तथा खेलकुद लगायत गाउँपालिका अन्तरगत सबै लक्षित बर्गहरुको वडा तथा गाउँपालिकास्तरिय समिति गठन परिचालन गर्न बजेटको ब्यवस्था गरिनेछ ।

६.९ जुवातास खेल्ने कार्यलाई प्रतिबन्द गरिनेछ, अबैध चोरीशिकारी, नदिनालामा बिष हाल्ने कार्यलाई कडाईकासाथ बन्द गरिनेछ, कानुन बमोजिम दण्डनीय हुने सबै प्रकार हिंसा र बिभेदलाई पूर्णरुपमा अन्त्यका लागि कार्यक्रमहरू अगाडी बढाईनेछ ।

६.१० सेवानिःवृत्त हुने भैसकेका कैलाश गाउपालिकाका कर्मचारीहरुको हकहित र सेवाका लागि अवकास तथा कल्याणकोष स्थापना गरि आवश्यक बजेट बिनियोजन गरि भुक्तानी प्रकृयालाई अगाडी बढाईने छ ।

६.११ आफ्ना आमा, बुबा, बाजे, बज्यै वा नजिकका र असहाय आफन्तको उचित लालनपालन, स्वास्थ्य उपचार, हेरचाह नगर्ने, हेला, हिंसा, भेदभाव र घृणा गर्ने हकदार, अंशियार र सक्षम नजिकको आफन्तहरुलाई गाउपालिकाबाट हुने सबै सेवा सुबिधा रोक्का, स्थागित र बन्द गरिनेछ।

६.१२ समाजको कुरिती र बिसंगतिको रुपमा रहेका वालबिवाहलाई न्युनिकरण गर्नका लागी त्यस्ता बिवाहरुलाई सामाजिक बहिस्कार गर्ने, र जनप्रतिनीधि, सरकारी कर्मचारी, गैर सरकारी संस्थाका कर्मचारी, राजनीतिक नेतृत्व, समाजका अन्य लब्धप्रतिष्ठित ब्यक्ति हरुलाई सहभागी नहुन अनुरोध गरिने छ, जनप्रतिनीधि र कर्मचारीहरु अटेर गरि सहभागी भएमा प्रचलित कानुन वमोजिम कार्वाही अगाडी बढाईने छ ।

६.१३ गाउँपालिकाको लक्ष्य, उद्देश्य प्रासिको लागी आफ्नो जिम्मेवारी बहन गर्न समर्पित भई लागी पर्ने जनप्रतिनीधि, उपभोक्ता समिति, सामान्य प्रशासन, वडा सचिव, शिक्षा स्वास्थ्य, कृषि, पशु, प्रविधिक, कर्मचारीहरु लाई नगद सहित सम्मान र पुरुस्कृत गरिने छ ।

६.१४ गाउसभाबाट पारित नीति तथा कार्यक्रम, योजना बजेटको कार्यान्वयन र लगाएका कर हरु उठाउनको लागी गाउपालिकाको सहयोगमा गठन भएका टोल बिकास समिति, सरसफाई समिति, कृषि, पशु, स्वास्थ्य, शिक्षा, उपभोक्ता समिति, सहकरी र लक्षित समुहका समितिहरुलाई ब्यापक परिचालन गरिने छ ।

६.१.१५ नागरिक अभिनन्दन : समाज विकास तथा गाउँपालिकालाई प्रत्यक्ष, परोक्ष आर्थिक, भौतिक तथा अन्य सहयोग गर्नेलाई नागरिक अभिनन्दन गरिनेछ ।

अन्तमा यस नीति तथा कार्यक्रम तयार गर्ने सहयोग गर्नु हुने जनप्रतिनीधिज्युहरु, कर्मचारी मित्रहरु र कार्यापलिका बैठक र गाउसभामा गरिमामय उपस्थिति जनाउनु हुने माननिय सदस्य ज्युहरु सबैमा हार्दिक धन्यबाद तथा आभार ब्यक्त गर्दै यो नीति तथा कार्यक्रम आफ्नो अमुल्य सुझाव दिई समृद्ध कैलाश निर्माणको कार्य सहभागी आग्रह गर्दै यो नीति तथा कार्यक्रम सर्वसम्मत रुपमा पारित गरिदिनु हुन माननीय सदस्यज्युहरुमा अनुरोध गर्दछु।

धन्यवाद।

# आर्थिक बर्ष २०७६/०७७ को बजेट बक्तब्य

## कैलाश गाउँपालिका

## गाउँकार्यपालिको कार्यालय

कालिकाटार, मकवानपुर

३ नं. प्रदेश, नेपाल

२०७६

www.kailashmun.gov.np

कैलाश गाउँसभाको मिति २०७६ असार १० गते मंगलबारको बैठकमा कैलाश गाउँपालिकाका उपाध्यक्ष्य श्री सुकुमाया थिङ्गले प्रस्तुत गर्नुभएको

# बजेट बक्तब्य


कैलाश गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

कालिकाटार, मकवानपुर

३ नं. प्रदेश, नेपाल

२०७६

गाउँसभाका सम्मानित अध्यक्ष महोदय,

गाउँपालिकाका प्रमुख प्रशाशकिय अधिकृत ज्यु,

गाउँसभाका सम्पुर्ण सदस्य ज्युहरू,

१. बहुदलमा आधारित बहुदलिय प्रतिस्पर्धात्मक संघिय लोकतान्त्रिक गणतन्त्रात्मक संसदिय शासन प्रणालीको स्थापना सँगै कैलाश गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित सभा समक्ष आगामि आर्थिक बर्ष ०७६।०७७ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्तित भएकी छु । यस अवसरमा राजनीतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरू प्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछु ।त्यसै गरि स्वाधिनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिका लागि संघर्ष गर्नुहुने महान कैलाश गाउँपालिका बासि र त्यसको सबल एवम् सक्षम नेतृत्व गर्नुहुने राजनीतिक शिखर व्यक्तित्व प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

२. राज्य संरचनाको महत्वपुर्ण पक्षको रूपमा रहेको बित्तिय संघियता छोटो अवधिमा संस्थागत भएको अवस्थामा जनप्रतिनिधिमुलक लोकतान्त्रिक पद्धतिबाट कैलाशबासी नागरिकहरूले खोजेको सेवा, चाहेको बिकास र परिकल्पना गरेको समाजको निर्माण गर्ने प्रणाली स्थापित भएको छ । सहकारितामुलक संघियता मार्फत स्रोत, साधन र अवसरको अधिकतम परिचालन गर्दै समृद्धि तर्फ अघि बढ्ने आधारशिला तयार भएको छ ।

३. संघिय सरकारको समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा हासिल गर्ने मार्गमा कैलाश गाउँपालिका दृढताका साथ अघि बढेको छ । यस क्रममा सामाजिक न्याय सहितको तिब्र आर्थिक बिकास, सुशासन र जनउत्तरदायी सरकार र सभ्य, सुसंस्कृत एवं कर्तव्यनिष्ठ समाज निर्माण गर्दै पुर्ण लोकतन्त्र तथा समाज उन्मुख समृद्ध अर्थतन्त्र निर्माणका लागि कैलाश गाउँपालिका सरकार प्रतिबद्ध छ ।

४. युगान्तकारी परिवर्तनको जगमा बसी आर्थिक, सामाजिक, सांस्कृतिक लगायत सबै प्रकारका बिभेद, अशिक्षा, गरिबी, पछौटेपनको अन्त्य गदै प्रदेश बिकासको महाअभियानमा अघि बढ्न "प्रदेश समृद्धिको आधारः श्रम सिर्जना, उत्पादन र रोजगार" भन्ने सोचका साथ प्रदेश सरकार अघि बढेको सन्दर्भमा कैलाश गाउँपालिकाका जनताका चाहना एवं आवश्यकतालाई सम्बोधन गर्ने दिशामा केन्त्रित भई यो बजेट तर्जुमा गरेकी छु।

५. आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा मैले कैलाशबासिको आर्थिक तथा सामाजिक हित प्रबर्द्धनका लागि संघीय एवं प्रदेश सरकार सँगको सहकार्य र समन्वयमा स्रोत

साधनको समन्वयात्मक बितरण मार्फत सबैलाइ समान अवसर स्थापित गर्ने कुरामा बिशेष जोड पुर्याएकी छु ।

६. आगामि आर्थिक बर्षको बजेट तर्जुमा गर्दा मैले यो बर्ष हासिल भएका उपलब्धिहरू संस्थागत गर्दै नागरिकका सामाजिक र आर्थिक हित पर्बद्धन गर्न समान अधिकार, समान अवसर र स्रोत तथा साधनको समन्यायिक बितरणमा बिशेष ध्यान दिएकी छु ।बिधमान आर्थिक-सामाजिक असमानता घटाउँदै दिगो र उच्च आर्थिक बृद्धि र लोककल्याणकारी राज्यव्यवस्थाको लक्ष्य प्राप्तिसँगै समाजबाद उन्मुख उदियमान राष्ट्रनिर्माणमा कैलाश गाउँपालिकालाई कोशेढुङ्गाको रूपमा स्थापित गर्न बजेट केन्द्रित गरेकी छु ।

७. आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संबिधान, विनियोजन बिधेयक, २०७६ को सिद्धान्त र प्राथमिकता, नेपाल सरकार, प्रदेश सरकार र कैलाश गाउँपालिकाको नीति तथा कार्यक्रम, पन्ध्रौ योजनाको आधारपत्र, दिगो बिकासको लक्ष्य, गाउँपालिकाको बजेट स्रोत अनुमान तथा सिमा निर्धारण समितिको सिफारिस , गाउँ सभाका सदस्यहरूले दिनु भएका सुझावहरूलाई मार्गदर्शनको रुपमा लिएकी छु । यसका अतिरिक्त बिभिन्न राजनीतिक दलहरू, सञ्चार माध्यम, बौद्धिक बर्ग लगायत अन्य क्षेत्रहरूबाट प्राप्त सुझावहरूलाइ समेत बजेट निर्माणको आधारको रुपमा लिएकी छु।

**गाउँसभाका सम्मानित अध्यक्ष महोदय,**

८. संबैधानिक प्रावधान एवं अन्तरसरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था अनुसार असार १० गते नै चालु आ.व. ०७५/७६को बजेट पेश भएतापनि कार्यान्वयनमा अपेक्षित प्रगति हासिल गर्न सकिएन । बजेट कार्यान्वयनमा जनशक्तिको अभाव, कर्मचारी समायोजनको प्रभावका कारण बजेट कार्यान्वयनले अपेक्षित गति लिन सकेन । कर्मचारी समायोजनको क्रममा गाउँपालिकाको दरबन्दी अनुरूप पदपुर्ति नभएको, वडा सचिव, प्रशासनिक र प्राविधिक जनशक्तिका अभावका कारण आर्थिक बर्ष ०७५।०७६ मा कैलाश गाउँपालिकाको कुल सरकारी खर्च बिनियोजनको तुलनामा खर्च हुन सकेन ।

९. गाउँ बस्तुगत बिबरण, २०७५ मा पर्याप्त तथ्याङ्क नभएका कारण यस गाउँपालिकाको आर्थिक तथा सामाजिक बिश्लेषणमा निकै कठिनाइ आएको छ ।आर्थिक बर्ष २०७५।०७६ मा आन्तरिक राजस्व परिचालन रू ३० लाख हुने संशोधित अनुमान छ । आन्तरिक राजस्व परिचालनको लक्ष्य रू ४०,००,०००।-( चालिस लाख रूपैया मात्र ।) भएकोमा कर संकलक गाउँकार्यपालिकाबाट नतोकिनु, संकलन आव्हान पछि ठेक्का नहुनु र कर सचेतनामा नागरिकहरू जागरूक नहुनु तथा जनशक्तिका अभावका

कारण चालु आवमा रू २७ लाख ३४ हजार ४०३ राजस्व संकलन भएको छ । कर प्रशासनलाइ प्रभावकारी रूपमा कार्यान्वयन गरेमा आगामि आ.ब.मा ०७६।०७७ मा १०% बृद्धि भइ रू ४४,००,०००।-( चौवालिस लाख रूपैया मात्र ।) आन्तरिक राजस्व संकलन हुने प्रक्षेपण गरिएको छ ।

**गाउँसभाका अध्यक्ष्य महोदय,**

१०. अव म आर्थिक बर्ष २०७६।०७७ को बजेटका उदेश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उदेश्यहरू निम्नानुसार प्रस्तुत गरेकी छु ।

क. आर्थिक सामाजिक असमानता अन्त्य गर्दै गरिबि न्युनीकरण गर्ने ।

ख. कृषि क्षेत्रको बिबिधिकरण, व्यावसायिकरण र आधुनिकिकरण गर्ने ।

ग. शिक्षा, स्वास्थ्य क्षेत्रको बिकास मार्फत सामाजिक बिकास गर्ने ।

घ. भौतिक एवं सामाजिक पुर्बाधार मार्फत सामाजिक न्याय कायम गर्ने ।

ङ. जनमुखि प्रशासन, भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन गर्ने ।

च. नागरिकहरूका आधारभुत आवश्यकताहरू परिपुर्ति तथा मानव बिकासमा जोड दिने ।

११. आर्थिक बर्ष २०७६।०७७ का बजेटका प्राथमिकताहरू निम्नानुसार प्रस्तुत गरेकी छु ।

क. सडक तथा पुर्बाधार बिकास ।

ख. बिधुत तथा उर्जा बिकास ।

ग. गुणस्तरीय शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रको बिकास ।

घ. कृषिमा आधुनिकिकरण, यान्त्रिकरण एवं औधोगिकरण ।

ङ. बन तथा बाताबरण संरक्षण ।

च. साँस्कृतिक तथा प्राकृतिक पर्यटन प्रबर्धन ।

छ. संस्थागत बिकास, कुशल सेवा प्रवाह र सुशासन ।

१२. अब म नेपालको संबिधान, अन्तर बित्त व्यवस्थापन ऐन, २०७४ एवं राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोगबाट प्राप्त सिफारिस समेतका आधारमा संघिय सरकार, प्रदेश सरकार र आन्तरिक राजस्व र अन्य स्रोत गरि कैलाश गाउँपालिकाको बजेटको बिवरण प्रस्तुत गर्न चाहन्छु ।

आगामि आ.ब.२०७६।०७७ मा आन्तरिक आय रू ४४ लाख आन्तरिक राजस्व, संघिय सरकारको बितिय समानिकरण अनुदान रू ९ करोड १५ लाख, शशर्त अनुदान रू १० करोड ९३ लाख , राजस्व बाँडफाँड रू ८ करोड ३६ लाख, संघिय रोयल्टी बापतको रकम रू ७ लाख ७३ हजार ४७५ रूपैया र प्रदेश सरकार बितिय समानिकरण अनुदान रू ९९ लाख ५४ हजार, शशर्त अनुदान रू २० लाख २४ हजार र राजस्व बाँडफाँड

सवारी साधन कर रू १ करोड २५ लाख २७ हजार र अन्य स्रोतको रूपमा संघ र प्रदेश सरकारबाट हस्तान्तरण हुन सक्ने सामाजिक सुरक्षा भत्ता तथा अन्य कार्यक्रम मार्फत रू ४ करोड ३ लाख अठासी हजार रूपैया र गत बर्षको अल्या रकम अनुमानित रू २ करोड ५० लाख गरि जम्मा रू ३७ करोड ९४ लाख ६६ हजार ४७५ रूपैया आय प्रक्षेपण गरेकी छु ।

**सभाका अध्यक्ष्य महोदय र सम्पुर्ण सदस्यज्युहरू,**

१३. अव म विषयगत क्षेत्रहरूको छुट्टाछुट्टै रूपमा चालु आ.ब. को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**सामाजिक क्षेत्र :-**

१४. <u>शिक्षा एवं सस्कृति</u> : १.प्रत्येक नागरिकहरूलाइ राज्यबाट आधारभुत तहसम्म अनिबार्य र निशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निशुल्क पाउने संवैधानिक हकको सुनिश्चित गर्न सामाजिक न्यायको आधारमा आवश्यक बजेट बिनियोजन गरेकी छु ।२. मौलिक कला, संस्कृति र ज्ञानको सम्मान, संरक्षण र सम्बर्द्धन गर्न नैतिक शिक्षालाइ बिधालय स्तरदेखि नै पाठ्यक्रममा समाबेश गरि कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ।३. सामुदायिक बिधालयहरूका शिक्षकंलाइ तालिम प्रदान गरि शिक्षाको गुणस्तर र शिक्षकंको क्षमता अभिबृद्धि गर्न आवश्यक बजेटको व्यवस्था गरेकी छु ।४. सामाजिक रूपले पछाडि परेका सिमान्तकृत एवं लोपोन्मुख जाति जनजातिहरूको उत्थानका लागि आवश्यकतामा आधारित बिभिन्न कार्यक्रमहरू सन्चालन गर्ने व्यवस्था मिलाएकी छु । यस क्षेत्रका लागि सामाजिक बिकास तर्फको जम्मा बजेटको रू ५१ लाख २२ हजार १८४।२५ अर्थात ३०% बजेट बिनियोजन गरेकी छु ।

१५. <u>स्वास्थ्य तथा पोषणः</u> १. कैलाश गाउँपालिकाका सबै नागरिकलाइ स्वस्थ बनाइ सबल मानव पुजी निर्माणका लागि संघिय एवं प्रदेश तहसँगको समन्वयमा निशुल्क आधारभुत स्वास्थ्य सेवालाइ सर्वसुलभ र गुणस्तरीय बनाउन आवश्यक बजेट बिनियोजन गरेकी छु । एक बिधालय एक स्वास्थ्य परिक्षण कार्यक्रमलाइ कार्यान्वयनमा ल्याउन यस क्षेत्रका लागि सामाजिक विकास तर्फको जम्मा बजेटको रू १७ लाख ७ हजार ३९४।७५ अर्थात ३०% बजेट बिनियोजन गरेकी छु ।

१६. <u>महिला, बालबालिका तथा जेष्ठ नागरिकः</u> १. कैलाश गाउँपालिकाको सरोकार, महिलालाइ सामाजिक र आर्थिक अधिकार भन्ने नारालाइ सार्थकता दिन महिलाको सामाजिक र आर्थिक सशक्तिकरणका लागि लैङ्गिक समानता, समावेशिकरण तथा सामाजिक न्यायको सुनिश्चतता गर्न विशेष कार्यक्रम सन्चालन गर्ने व्यवस्था मिलाएकी छु । २. मनोसामाजिक परामर्श

सेवा उपलब्ध गराउन किशोरी बिकास कार्यक्रम सन्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेकी छु । ३. बालबालिकामैत्रि शासन, बालबिबाह र बालश्रम मुक्त गर्न कार्यक्रमहरू सन्चालन गरिनेछ ।

१७. <u>युवा तथा खेलकुद बिकास :</u> कैलाशका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद भन्ने उदेश्यका साथ खेलकुद पुर्बाधारको बिकास गर्न तथा खेल मैदान निर्माण गर्न सामाजिक बिकास तर्फको जम्मा बजेटको रू ३४ लाख १४ हजार ७८९।५० अर्थात २०% बजेट बिनियोजन गरेकी छु ।

१८. <u>खानेपानी तथा सरसफाइः</u> खानेपानी तथा सरसफाइ सेवाको पर्याप्त, सुरक्षित र सर्बसुलभ रूपमा उपलब्धताबाट जनस्वास्थ्यमा सुधार गर्दै एक घर एक धारा कार्यक्रम, सुख्खा क्षेत्र खानेपानी योजना सन्चालन गरिने छ । जसका लागि सामाजिक बिकास क्षेत्र अन्तर्गतको कुल बजेटको बजेटको रू ३४ लाख १४ हजार ७८९।५ अर्थात २०% बजेट बिनियोजन गरेकी छु ।

१९. <u>लैङ्गिक समानता र सामाजिक समाबेशिकरणः-</u> नेपालको संबिधानले लैङ्गिक बिभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाइ लैङ्गिक भेदभावबिना समान बंशिय हक, समानुपातिक समाबेशि सिद्धान्तका आधारमा बिकास प्रक्रियामा सहभागि हुने हक सुनिश्चित गरेको सन्दर्भमा महिला, बालबालिका, अपांग, दलित, पिछडिएका बर्ग, अल्पसंख्यक, सिमान्तकृत, लोपोन्मुख र अति बिपन्न वर्गहरूको क्षमता अभिबृद्धि, नेतृत्व बिकास र शशक्तिकरणका लागि सामाजिक बिकास क्षेत्र अन्तर्गतको कुल बजेटको रू १७ लाख ७ हजार ३९४।७५ अर्थात १०% बजेट बिनियोजन गरेकी छु ।

२०. <u>संस्कृति प्रबर्धन :-</u>गाउँपालिकाको मौलिक संस्कृति को पहिचान, संरक्षण, प्रबर्धन र बिकास गरि परम्परागत ज्ञान र सम्पदा उत्थान गर्नु कैलाश गाउँपालिकाको नीति तथा कर्यक्रम अनुसार प्रथा, परम्परा, सांस्कृति सम्पदा, संग्रहालय आदिको बिकास र बिस्तारका लागि सामाजिक बिकास क्षेत्र अन्तर्गतको कुल बजेटको रू १७ लाख ७ हजार ३९४।५० अर्थात १०% बजेट बिनियोजन गरेकी छु ।

समग्रमा सामाजिक क्षेत्रका लागि कुल बजेटको रू १ करोड ७० लाख ७३ हजार ९४७।५० अर्थात ५।०४% बजेट बिनियोजन गरेकी छु ।

**पुर्बाधार क्षेत्र**

२१. <u>सडक तथा झोपु :-</u>कैलाश गाउँपालिकाको यातायातको व्यवस्थित संजाल र प्रणालीको बिकासबाट मात्र आर्थिक सामाजिक एकिकरण र सन्तुलन कायम राख्नु आवश्यक छ । सडक पुर्बाधारहरूको उचित संरक्षण, निर्माण, मर्मत संभार र सहज आवागमन सुनिश्चित गर्नु

अपरिहार्य भएको सन्दर्भ र भौगोलिक धरातललाइ समेत मध्यनजर राख्दै यस क्षेत्रको बिकासका लागि पुर्बाधार बिकास तर्फको कुल बजेटबाट रू ६ करोड १४ लाख ६६ हजार २११ अर्थात ६०% बजेट बिनियोजन गरेकी छु ।

२२. भवन तथा शहरी बिकास :- कैलाश गाउँपालिकाको अवस्थिति भुकम्प लगायत बहुबिपद् जोखिमयुक्त रहेकाले बिपद् पुर्बतयारी कार्यलाइ अभिबृद्धि गरि प्रभावकारी प्रतिकार्य र पुनर्लाभ हासिल गर्न तथा सो अनुसार शहरी बिकास कार्यमा **बिल्ड ब्याक बेटरको** अवधारणा अनुसार भवन निर्माण गर्नु आवश्यक छ। भवन निर्माणमा उपयुक्त आधुनिक प्रबिधि र स्थानीय बास्तुकलाको मिश्रणबाट नयाँ निर्माण सामग्रीको प्रयोग समेतलाइ प्रोत्साहन गरि सुरक्षित, टिकाउ, सुलभ र किफायती भवनहरूको निर्माण र बातावरणमैत्रि तथा हरित बिकासमा आधारित गाउँ बिकासका लागि पुर्बाधार बिकास तर्फको कुल बजेटको रू २ करोड ४ लाख ८८ हजार ७३७ अर्थात २०% बजेट बिनियोजन गरेकी छु ।

२३. बिधुत :- **कैलाश गाउँपालिकाभित्र बिजुली, उज्यालो र समृद्धिका लागि गरौ मिलिजुली** लाइ अभियानको रूपमा बिकास गरि बिधुतको पुर्बाधार निर्माण गर्नु आवश्यक रहेको छ । यस क्षेत्रको बिकासका लागि पुर्बाधार बिकास तर्फको कुल बजेटको रू ५१ लाख २२ हजार १८४।२५ बजेट बिनियोजन गरेकी छु ।

२४. बिज्ञान, सुचना तथा सन्चार प्रबिधि :- बिज्ञान, सुचना तथा सन्चार प्रबिधिको बिकासबाट कैलाश गाउँपालिकाको समृद्धि,बिकास र खुसी नागरिकको बिकास हुने हुनाले कैलाश गाउँपालिका बिधुतिय शासन मार्फत सेवा प्रवाह गरि सुशासन, जवाफदेहिता र जनउत्तरदायी सरकारको मुल्य र मान्यतालाइ संस्थागत गर्न आवश्यक रहेको सन्दर्भमा यस क्षेत्रको बिकासका लागि पुर्बाधार बिकास तर्फको कुल बजेटको रू ३० लाख ७३ हजार ३१०।५५ अर्थात ३% बजेट बिनियोजन गरेकी छु ।

२५. सिचाइ :- कैलाश गाउँपालिकाको नीति तथा कार्यक्रम अनुसार चालु सिचाइ योजनाहरूलाइ आवश्यक मर्मत सम्भार र नयाँ सिचाइ योजना निर्माण तथा लिफ्ट सिचाइ निर्माणमा बिशेषं प्राथमिकता दिएको छ । सिंचाइ प्रणालीको मर्मत सम्भार एवम् दिगो व्यवस्थापनका लागि स्रोत सहित उपभोक्ता सहभागिता सुनिश्चित गर्नका लागि पुर्बाधार बिकास तर्फको कुल बजेटको रू १ करोड २२ लाख ९३ हजार २४२।२० अर्थात १२% बजेट बिनियोजन गरेकी छु ।

**समग्रमा यस क्षेत्रको बिकासका लागि कुल बजेटको रू १० करोड २४ लाख ४३ हजार ६८५ अर्थात ३०.२१% बजेट बिनियोजन गरेकी छु ।**

**आर्थिक बिकास क्षेत्र**

२६. कृषि क्षेत्र :- माटो सुहाउदो खेती प्रणाली अनुसार कृषि क्षेत्रको बिबिधिकरण, व्यावसायिकरण र आधुनिकिकरण , कृषिमा युवा सहभागिता, बहुउदेश्यिय आधुनिक नर्सरी व्यवस्थापन, खाध सम्प्रभुता र सुरक्षा सुनिश्चित गर्न आर्थिक बिकास क्षेत्र तर्फको कुल बजेटको रू १ करोड ७० लाख ७३ हजार ९४७।५० अर्थात ५०%बजेट बिनियोजन गरेकी छु ।

२७. पशुपंक्षी :- स्वच्छ र स्वस्थ पशुपंक्षि उत्पादन, बिक्रि, खरिद र बजारिकरण गरि पशुपंक्षि क्षेत्रको बिकास मार्फत मानविय स्वस्थता कायम गर्न आर्थिक बिकास क्षेत्र तर्फको कुल बजेटको रू ५१ लाख २२ हजार १८४।५० अर्थात १५%बजेट बिनियोजन गरेकी छु ।

२८. घरेलु तथा लघु उधोग :- कैलाश गाउँपालिकामा सहकारी मार्फत घरेलु, कुटिर र लघु उधोग स्थापना, सन्चालन र बिकास गरि नागरिकको आयस्तर बढाउनु आवश्यक छ । यसका लागि आर्थिक बिकास क्षेत्र तर्फको कुल बजेटको रू ३४ लाख १४ हजार ७८९।५० अर्थात १०%बजेट बिनियोजन गरेकी छु ।

२९. हाट बजार तथा ब्यापार मेला प्रदर्शन :- गाउँपालिकाको करको दायरा बिस्तार गर्नु, स्थानीय उत्पादनहरूको बजारिकरण, उत्पादन कृषि तथा पशुजन्य उपजहरूको प्रतिस्पर्धा गरि कृषि, उधोग र बाणिज्यलाइ प्रवर्धन गर्नु आवश्यकता रहेको छ । जसका लागि आर्थिक बिकास क्षेत्र तर्फको कुल बजेटको रू ६ लाख ८२ हजार ९५७।९० अर्थात २%बजेट बिनियोजन गरेकी छु ।

३०. सहकारी बिकास तथा प्रबर्द्धन :- तिन खम्बे अर्थ नीति अनुसार कैलाश गाउँपालिकाको अर्थतन्त्र बलियो बनाइ आर्थिक बृद्धिदर बृद्धि गरि सहकारी क्षेत्रको बिकास तथा प्रबर्धन गर्नु आवश्यक छ । यसका लागि आर्थिक बिकास क्षेत्र तर्फको कुल बजेटको रू १७ लाख ०७ हजार ३९४।७५ अर्थात ५%बजेट बिनियोजन गरेकी छु ।

३१. पर्यटन बिकास तथा प्रबर्धन :- आन्तरिक तथा बाह्य पर्यटन मार्फत साँस्कृतिक तथा पर्याबरणमैत्रि पर्यटन उधोग बिकास गरि कैलाश गाउँपालिकाको कुल गार्हस्थ उत्पादन बृद्धि गरि रोजगारी सृजना गर्न यस क्षेत्रको महत्वपुर्ण भुमिका रहेको छ । तसर्थ यस क्षेत्रको बिकास र प्रबर्धनका लागि आर्थिक बिकास क्षेत्र तर्फको कुल बजेटको रू ५१ लाख २२ हजार १८४।२५ अर्थात १५%बजेट बिनियोजन गरेकी छु ।

३२. लघुबित्त व्यवस्थापन :- गाउँपालिकाभित्र छरिएर रहेको पुजी, सिप र प्रविधि मार्फत लघुबित्त परिचालन र व्यवस्थापन गरि गरिबि न्युनीकरण र सामाजिक असमानता न्युनिकरण गर्नु आवश्यकता छ । यस क्षेत्रका लागि आर्थिक बिकास क्षेत्र तर्फको कुल बजेटको रू १० लाख २४ हजार ४३६।८५ अर्थात ३%बजेट बिनियोजन गरेकी छु ।

समग्रमा यस क्षेत्रका लागि कुल बजेटको रू ३ करोड ४१ लाख ४७ हजार ८९५ अर्थात १०.०७% बजेट बिनियोजन गरेकी छु ।

बाताबरण तथा बिपत ब्यवस्थापन

३३. बन तथा भु-संरक्षण :- कैलाश गाउँपालिका भित्रका सामुदायिक बन संरक्षण, बृक्षारोपण, नर्सरी स्थापना र व्यवस्थापन, डढेलो नियन्त्रण, पहिरो नियन्त्रण , सिमसार क्षेत्र व्यवस्थापन गरि हरित अर्थतन्त्र प्रबर्धन गरि हरियालि कैलाश, बाताबरणमैत्रि बिकासको अवधारणाबमोजिम यस क्षेत्रको लागि बाताबरण तथा बिपत व्यवस्थापन क्षेत्रको कुल बजेटको रू ४ लाख २६ हजार ८४८।६८ अर्धात ५% बजेट बिनियोजन गरेकी छु ।

३४. जलाधार संरक्षण :- गाउँपालिका भित्रका जलाशय, सिमसार, कुवा, इनार संरक्षणका लागि बाताबरण तथा बिपद् व्यवस्थापन क्षेत्रको कुल बजेटको रू २ लाख ५६ हजार १०९।२१ अर्धात ३% बजेट बिनियोजन गरेकी छु ।

३५. खजिज तथा जडिबुडी अन्बेषण:- कैलाश गाउँपालिका **कृषि, जल, खानी र वन, हाम्रा युवा हाम्रा धन** को अभियानमा अघि बढिरहेको छ । यस गाउँपालिकाको बहुमुल्य पत्थर , खानी र खनिज, जडिबुडिहरूको अध्ययन तथा अन्वेषणका लागि बाताबरण तथा बिपद् व्यवस्थापन क्षेत्रको कुल बजेटको रू २ लाख ५६ हजार १०९।२१ अर्धात ३% बजेट बिनियोजन गरेकी छु ।

३६. बाताबरण संरक्षण :- हरित बिकासको अवधारणा, बन, जैबिक बिबिधता र प्रदुषण रहित कार्बनमुक्त गाउँपालिका निर्माणमा बाताबरण संरक्षणको महत्वपुर्ण भुमिका रहेको छ । यसका लागि बाताबरण तथा बिपद् व्यवस्थापन क्षेत्रको कुल बजेटको रू १ लाख ७० हजार ७३९।४८ अर्धात २% बजेट बिनियोजन गरेकी छु ।

३७. जलबायु परिबर्तन अनुकुलन तालिम :- यस गाउँपालिकामा जलबायु परिबर्तनका कारणहरू, असरहरू, अनुकुलन र प्रतिकार्य उपायहरू सहितको प्रभावित क्षेत्रहरूमा जलबायु परिबर्तन अनुकुलन तालिमका लागि बाताबरण तथा बिपत व्यवस्थापन क्षेत्रको कुल बजेटको रू १ लाख ७० हजार ७३९।४८ अर्धात २% बजेट बिनियोजन गरेकी छु ।

३८. फोहरमैला व्यवस्थापन तथा ढल निकास : कैलाश गाउँपालिका भित्र बिधमान ठोस र तरलजन्य फोहोरमैला र ढल व्यवस्थापनलाइ Reuse, Reduce and Recycle र land fill site मार्फत व्यवस्थापन गरि प्रदुषण रहित गाउँपालिका निर्माणका लागि बाताबरण तथा बिपत व्यवस्थापन क्षेत्रको कुल बजेटको रू १२ लाख ८० हजार ५४६।०६ अर्धात १५% बजेट बिनियोजन गरेकी छु ।

३९. जलउत्पन्न प्रकोप नियन्त्रण :- जलउत्पन्न प्रकोप नियन्त्रणका लागि बाताबरण तथा बिपत व्यवस्थापन क्षेत्रको कुल बजेटको रू ३४ लाख १४ हजार ७८९।५० अर्थात ४०% बजेट बिनियोजन गरेकी छु ।

४०. बिपद् व्यवस्थापन :- बिपद् राहत, उद्धार, प्रतिकार्य र पुनर्स्थापनाका लागि बाताबरण तथा बिपद् व्यवस्थापन क्षेत्रको कुल बजेटको रू २५ लाख ६१ हजार ०९२।१३ अर्थात ३०% बजेट बिनियोजन गरेकी छु ।

समग्रमा यस क्षेत्रको लागि कुल बजेटको रू ८५ लाख ३६ हजार ९७३।७५ अर्थात २.५२% बजेट बिनियोजन गरेकी छु ।

**संस्थागत बिकास, सेवा प्रवाह र सुशासन**

४१. सार्बजानिक सेवा:-कैलाश गाउँपालिकाको प्रशासनिक सार्बजानिक सेवा व्यवस्थापन गर्नका लागि संस्थागत बिकास, सेवा प्रवाह र सुशासन अन्तर्गतको बजेटको रू ४ लाख २६ हजार ८४८।६८ अर्थात ५% बजेट बिनियोजन गरेकी छु ।

४२. सुरक्षा व्यवस्थापन :- कैलाश गाउँपालिकाका १० वटै वडाहरूमा सुरक्षा सम्बन्धि खोज, अनुसन्धान, सुरक्षा र व्यवस्थापनका लागि संस्थागत बिकास, सेवा प्रवाह र सुशासन अन्तर्गतको बजेटको रू १२ लाख ८० हजार ५४६।०६ अर्थात १५% बजेट बिनियोजन गरेकी छु ।

४३. सुचना प्रबिधि :- बिधुतिय शासन मार्फत सेवा प्रवाह गर्न सुचना प्रबिधिको महत्वपुर्ण स्थान भएकाले यस क्षेत्रका लागि संस्थागत बिंकास, सेवा प्रवाह र सुशासन अन्तर्गतको बजेटको रू १२ लाख ८० हजार ५४६।०६ अर्थात १५% बजेट बिनियोजन गरेकी छु ।

४४. पञ्जिकरण व्यवस्थापन :- कैलाश गाउँपालिकाको सम्पुर्ण पञ्जिकरण सम्बन्धि कार्यको प्रभावकारी व्यवस्थापन गरि अभिलेखिकरणका लागि संस्थागत बिकास, सेवा प्रवाह र सुशासन अन्तर्गतको बजेटको रू २५ लाख ६१ हजार ०९२।१३ अर्थात ३०% बजेट बिनियोजन गरेकी छु ।

४५. स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन :- कैलाश गाउँपालिकाको सबै प्रकारका अभिलेख, बेरोजगार तथ्याङ्क अभिलेख, गाउँ बस्तुगत बिबरण, तथ्याङ्कमा कैलाश लगायतका कार्य गर्नको लागि संस्थागत बिकास, सेवा प्रवाह र सुशासन अन्तर्गतको बजेटको रू ८ लाख ५३ हजार ६९७।३० अर्थात १०% बजेट बिनियोजन गरेकी छु ।

४६. मानव संशाधन बिकास :- जनशक्ति व्यवस्थापन, कर्मचारी तालिम र सिप तथा क्षमता अभिवृद्धि गर्न यसका लागि संस्थागत बिकास, सेवा प्रवाह र सुशासन अन्तर्गतको बजेटको रू ४ लाख २६ हजार ८४८।६९ अर्थात ५% बजेट बिनियोजन गरेकी छु ।

४७. सुशासन प्रबर्द्धन :- बितिय सुशासन, प्रशासनिक सुशासन, सार्बजानिक सुनुवाइ, नागरिक बडापत्र, सफ्टवेयर व्यवस्थापन गर्नका लागि लागि संस्थागत बिकास, सेवा प्रवाह र सुशासन अन्तर्गतको बजेटको रू ४ लाख २६ हजार ८४८।६९ अर्थात ५% बजेट बिनियोजन गरेकी छु ।

४८. अनुसन्धान तथा बिकास :- अनुसन्धान र बिकास मार्फत कैलाश गाउँपालिकाको बिकास, समृद्धिका लागि कार्यमुलक अनुसन्धान र बिकासको भुमिका महत्वपुर्ण रहेको छ । बितिय संघियता कार्यान्वयनको तेस्रो बर्ष सम्म पनि आवधिक योजना तथा मध्यमकालिन खर्च संरचना निर्माण र कार्यान्वयन नभएको अवस्था छ । अतः यसका लागि संस्थागत बिकास, सेवा प्रवाह र सुशासन अन्तर्गतको बजेटको रू १२ लाख ८० हजार ५४६।०६ अर्थात १५% बजेट बिनियोजन गरेकी छु ।

समग्रमा यस क्षेत्रको लागि कुल बजेटको रू ८५ लाख ३६ हजार ९७३।७५ अर्थात २.५२% बजेट बिनियोजन गरेकी छु ।

**गाउँसभाका सम्मानित अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्युहरू,**

४९. समग्रमा कैलाश गाउँपालिकाको आ.ब. ०७६।०७७ मा स्थानीय सञ्चित कोषबाट खर्च हुन सक्ने साधारण वा चालु खर्च रू १६ करोड ८३ लाख ३९ हजार रूपैया अर्थात ४९.६५% र बिकास वा पुजीगत खर्च रू १७ करोड ७ लाख ३९ हजार ४७५ रूपैया अर्थात ५०.३५% बजेट बिनियोजन गरेकी छु । गत बर्षको यथार्थ राजस्व र व्यय, चालु बर्षको शंशोधित राजस्व र व्यय र आगामि बर्षको अनुमानित राजस्व र व्यय, क्षेत्रगत आय र व्यय, बार्षिक बिकास कार्यक्रम अनुसुचीहरूमा उल्लेख गरेकी छु ।

५०. अन्तमा, समृद्ध नेपाल सुखि नेपाली राष्ट्रिय लक्ष्य पुरा गर्न कैलाश गाउँपालिकाको आ.ब. ०७६।०७७ को बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।कैलाश गाउँपालिकाको समग्र आर्थिक तथा सामाजिक बिकासमा निरन्तर सहयोग पुर्याउने यस गाउँपालिका अध्यक्ष्य श्री टंक बहादुर मुक्तान, प्रमुख प्रशासकिय अधिकृत श्री लोक बहादुर कुसारी, बिषयगत समितिहरू ,सम्पुर्ण कैलाश गाउँपालिकाका राष्ट्रसेवक कर्मचारीहरू र सम्पुर्ण सुभचिन्तकहरूमा आभार प्रकट गर्दै यो बजेट कार्यान्वयनमा सबै पक्षको सार्थक र सक्रिय सहयोग, समन्वय, सहकार्य र समर्पण रहने बिश्वास लिएकी छु ।

**धन्यबाद।**

| क्र.सं. | खर्च शिर्षक नम्बर | कार्यक्रम | |
|---|---|---|---|
| १ | २१११११ | पारिश्रीमक कर्मचारी | १५५०००००० |
| २ | २१११२ | पारिश्रीमक पदाधिकारी | ५७०००००० |
| ३ | २११२१ | पोशाक | ४००००० |
| ४ | २११३२ | महंगि भत्ता | १०००००० |
| ५ | २११३३ | फिल्ड भत्ता | ४००००० |
| ६ | २११३४ | बैठक भत्ता | ५००००० |
| ७ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १५००००० |
| ८ | २११३९ | अन्य भत्ता | ४००००० |
| ९ | २११४१ | पदाधिकाारि बैठक भत्ता | १२००००० |
| १० | २११४२ | पदाधिकाारि अन्य सुविधा | २००००० |
| ११ | २१२१४ | कर्मचारी कल्याण कोष | ६५००० |
| १२ | २२१११ | पानी बिजुली | १००००० |
| १३ | २२११२ | संचार | ५००००० |
| १४ | २२२१२ | ईन्धन | १०००००० |
| १५ | २२२१३ | मर्मत सम्भार सवारी साधन | ७००००० |
| १६ | २२२१४ | बिमा तथा नविकरण | ४००००० |
| १७ | २२२२१ | मेशिनरि तथा औजार मर्मत तथा संचालन खर्च | ५००००० |
| १८ | २२२३१ | निर्मित सार्वजनकि सम्पत्तिको मर्मत सम्भार | ५००००० |
| १९ | २२३११ | मसलन्द तथा कार्यलय सामाग्रि खर्च | २५००००० |
| २० | २२३१२ | पुस्तक तथा सामग्री खर्च | २००००० |
| २१ | २२३१४ | ईन्धन अन्य प्रयोजन | १००००० |
| २२ | २२३१५ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च | १५००००० |
| २३ | २२३१९ | अन्य कार्यालये सञ्चालन खर्च | १००००० |
| २४ | | सेवा र परामर्श खर्च | ३००००० |
| २५ | २२४१२ | सुचना प्रणालि तथा सफ्टेवय संचालन खर्च | ५००००० |
| २६ | २२४१३ | करार सेवा शुल्क | ३००००० |
| २७ | २२४१४ | सरसफाई शुल्क | ५०००० |
| २८ | २२४१५ | अन्य सेवा शुल्क | ६०००००० |
| २९ | २२५१२ | सिप विकास तथा जनचेतना तालिम तथा गोष्टि सम्बन्धि खर्च | ५००००० |
| ३० | २२५२२ | कार्यक्रम खर्च | ५००००० |
| ३१ | २२५२९ | विविध कार्यक्रम खर्च | ३००००० |
| ३२ | २२६११ | अनुगमन मुल्यांकन खर्च | १५००००० |
| ३३ | २२६१२ | भ्रमण खर्च | १५००००० |
| ३४ | २२७११ | विविध खर्च | २०००००० |
| ३५ | २२७२१ | सभा सञ्चालन खर्च | ४००००० |
| ३६ | २५३११ | शैक्षिक संस्थालाई सहयोग | १०००००० |
| ३७ | २५३१२ | स्वास्थ्य संस्थालाई सहयोग | ५००००० |
| ३८ | २५३१३ | उपभोक्ता समिती तथा गैह्र सरकारी संस्था सहयोग | २००००० |
| ३९ | २५३१४ | धार्मिक तथा सास्कृतिक संस्था सहयोग | २००००० |
| ४० | २५३१५ | अन्य सहायता | ५००००० |

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
३ नं. प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ४१ | २६४१३ | अन्य संस्थालाई अनुदान | २००००० |
| ४२ | २७११२ | अन्य सामाजीक सुरक्षा | ५००००० |
| ४३ | २७२११ | छात्रवृति | ५००००० |
| ४४ | २७२१२ | उद्धार राहत तथा पुर्नस्थापना खर्च | १५००००० |
| ४५ | २७३१२ | उपदान | ५००००० |
| ४६ | २८१४२ | घर भाडा | ५००००० |
| ४७ | २८१४३ | सवारी साधन तथा मेशिनरि औजार भाडा | १५००००० |
| ४८ | २८१४९ | अन्य भाडा | १००००० |
| ४९ | २८९११ | भैपरि आउने चालु खर्च | ५००००० |
| | | | ५७०१५००० |